नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन- २२३५८० २६२६९६ २६१७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मितिः २०७२/०२/०३

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/०३ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. पत्रकार सम्मेलन

आज मिती २०७२/०२/०३ गते माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्युको प्रमुख आतिथ्यमा भएको पत्रकार सम्मेलनमा देहाय बमोजिमका जानकारी दिइयो :

- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युको नेतृत्वमा विश्व स्वास्थ्य संगठनको महासभामा भाग लिन आज साँझ जेनेभा प्रस्थान गर्नुहुने र उहाँले १९ र २० मे २०१५ का दिन नेपालमा विनाशकारी भुकम्पवाट सृजित परिस्थितीका वारेमा विश्व स्वास्थ्य संगठनको महासभाको विशेष सत्रमा अन्तराष्ट्रिय समुदायलाई सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी गराइयो । यस विनाशकारी भुकम्पवाट सृजित परिस्थतीलाई सामना गर्नको लागी थप सहयोगको लागी अपिल गर्नका लागि यस विषम अवस्थामा पनि जेनेभा जान लागेको कुरा समेत माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युले बताउनुभयो ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युले विनाशकारी भुकम्पवाट अकल्पनीय मानवीय क्षति हुन गएको छ, तर पनि सबैको सहयोग र समन्वयवाट धेरै मानिसहरुको मृत्यु हुनवाट बचाउन सकेका छौं भन्नु भयो ।
- WHO, UNICEF लगायत संयुक्त राष्ट्र संघिय संघ संस्थाहरुवाट घाइते र विरामीहरुको उपचार, औषधी तथा उपकरणका लागी तत्काल सहयोग प्राप्त भएको कुरा जानकारी गराईयो ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युले १००० भन्दा बढी स्वास्थ्य संस्थाहरु क्षति भई स्वास्थ्य सेवा प्रदान गर्न अबरुद्ध भएको अवस्थामा यस खालका अर्न्तराष्ट्रिय बैठकमा उच्च स्तरबाट परिस्थितिका बारेमा कुरा राख्दा स्वास्थ्य संस्थाहरु नयाँ निर्माण गर्नका लागी अपिल गर्ने र थप सहयोग प्राप्त हुन सक्ने कुरा समेत जानकारी गराउनुभयो ।
- माननीय मन्त्रीज्युले यसै सन्दर्भमा २०७२।०२।०१ गतेदेखि सुर्तिजन्य पदार्थको वट्टा र प्याकेटको कुल बाहिरी भाग मध्ये ९०% भागमा चेतावनीमूलक सन्देश र चित्र छाप्नुपर्ने गरी निर्देशिका जारी भएको छ भन्नुहुँदै सो निर्देशिका बमोजिम चेतावनीमूलक सन्देश र चित्र छपाई गर्नका लागि उत्पादक लगायत सम्बन्धित सबैलाई अपिल गर्दै संचारकर्मीहरुले निर्देशिका प्रभावकारी रुपमा लागु गर्ने कार्यमा सधैंझैं सहयोग गरी नागरीकहरुलाई तथ्य जानकारी गराउन समेत अनुरोध गर्नुभयो ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युले जेनेभा प्रस्थान गर्नु अघि World Health Assembly मा राख्नुपर्ने विषयका बारेमा पूर्वमहानिर्देशकहरु र जनस्वास्थ्य विज्ञहरुसँग अर्न्तक्रिया गर्नुभई सुझाव लिनुभएको छ ।
- अन्तराष्ट्रिय समुदायसंगको एक अर्को कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्युले घाइते तथा विरामीहरुको उपचार, औषधी, उपकरण तथा अन्य खालको सहयोग गर्न चहाँदा नेपाल सरकार मार्फत नै सहयोग र समन्वय गर्न अन्तराष्ट्रिय समुदायहरुलाई जानकारी गराउनुभयो ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४- २२३५, २६२६, २६९७, २६२८, २६२९, २६२४, २६२५

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ
काठमाडौं, नेपाल

मिति: २०७२/०२/०३

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिएका १२७ वटा अन्तराष्ट्रिय मेडिकल टीमहरुमध्ये आजसम्म फ्रान्स, अमेरिका, जर्मनी, जापान, नर्वे, पोल्याण्ड, पाकिस्तान, बंगलादेश, श्रीलंका, थाइल्याण्ड, बंगलादेश, सिंगापुर, ताइवान, ईजरायल, स्पेन, वेलायत, फिलीपिन्स, अष्ट्रेलिया, टर्की, क्यानडा, हंगेरी, नेदरल्याण्ड, इन्डोनेसिया, दक्षिण कोरिया र चीन र भारतका केही टीम गरी जम्मा ७० वटा मेडिकल टिमका १६७० जना आफ्नो काम पुरा गरि फर्किएका छन् ।

३. उपकरण र औषधि:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।
- Narang Medical Limited (New Delhi) वाट १०,००० थान IV canula प्राप्त भएको छ ।

४. स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

.............................................
डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय